दलित

# निगरानी

वर्ष १, प्रथम अङ्क, २०६६ (1–15 july)

## भित्रि पानामा

रिपोर्ट
सभासद सक्रियता जरुरी -२

खबर -३

बहस
प्रगतिशील आरक्षण चाहिन्छ, चाहिन्छ
लालबहादुर विश्वकर्मा -४

विशेष अधिकार नभई हुँदैन
धर्म विश्वकर्मा -५

आरक्षणको विकल्पै छैन
राजेश विश्वकर्मा -६

प्रश्नोत्तर
मधेसी दलले दलितलाई दबाएका छन्
महेन्द्रराय यादव, उद्योग मन्त्री -७

चिनारी
संघर्षको शक्तिबाट सभासद् -८

प्रकाशकीय

## लामो यात्राको पहिलो पाइला

यतिबेला देश एक युगमा एकपटक आउने संविधानसभाबाट नयाँ संविधान निर्माण गर्ने प्रक्रियामा छ। संविधानसभाको चुनावबाट निर्वाचित प्रतिनिधिले लेख्ने नयाँ संविधानले राज्यको समग्र ढाँचा/स्वरूप तयार गर्ने र अधिकारबाट वञ्चित समुदायको अधिकार सुनिश्चित गर्ने विश्वास लिइएको छ। संविधानसभाले झन्डै १५ महिना पूरा गरेको आजको स्थितिमा मौजुदा राजनीतिक अस्थिरताले नयाँ संविधान निर्धारित समयमा बन्ने हो कि होइन भन्ने आशंका जन्मिएको छ। तथापि संविधानसभालाई क्रियाशील तुल्याएर संविधान निर्माणको राष्ट्रिय लक्ष्यलाई साकार पार्नु सभासद, राजनीतिक दल, अन्तर्राष्ट्रिय समुदाय र नागरिक समाजको अहम् दायित्व हो।

देशको विधान निर्माण गर्ने थलोमा ४९ जना दलित सभासदको प्रतिनिधित्व छ। तिनले दलितका सवाललाई विभिन्न ढंगले संविधानसभामा उठाएका छन्। संविधानसभामार्फत बन्ने नयाँ संविधानप्रति राज्य र समाजको सबै क्षेत्रबाट पछि पारिएका दलित समुदायको प्रत्यक्ष चासो र सरोकार छ। त्यसैले नयाँ संविधानमा दलितको अधिकार सुनिश्चत गर्ने दलितको प्रयास संविधानसभामा मात्र सीमित छैन, यो संविधानसभाबाहिर पनि विस्तार भएको छ। वस्तुत: दलित नागरिक समाजले नयाँ संविधानमा दलित अधिकार समावेश गराउनका लागि गरेका कार्यक्रम यसकै नतिजा हुन्। संविधानसभामा दलितका सवालले कतिको महत्व पाएका छन् ? सभासद दलित अधिकारप्रति कतिको सचेत र प्रतिबद्ध छन् ? नयाँ संविधानमा दलितको हक स्थापित गर्नका निम्ति भएका प्रयासलाई देश र समाजले कतिको सुनेको छ ? यस्ता प्रश्नको चित्तबुझ्दो जवाफ पाउन संविधानसभालाई केन्द्रबिन्दु ठानेर सूक्ष्म निगरानी गरेर त्यससम्बन्धी जानकारी सरोकारवालासम्म पुऱ्याउनुपर्छ। नयाँ संविधानलाई अर्जुनदृष्टि मानेर गरिएका कामको निगरानी गर्न र दलित अधिकारका लागि सभासद, राजीतिक दल तथा दलित अधिकारका पक्षधरलाई केही गर्न प्रेरित गर्ने ध्येयले *दलित निगरानी* नामक यो बुलेटिनको प्रकाशन आरम्भ गरिएको हो।

यसको लक्ष्य स्पष्ट छ– नयाँ संविधानमा दलित अधिकार सुनिश्चिताका निम्ति विभिन्न क्षेत्रबाट भएका प्रयास र त्यसबाट प्राप्त प्रतिफललाई दलितका आँखाबाट निगरानी गर्नु। यो लक्ष्य त्यतिबेला साकार हुन्छ जतिबेला संविधान निर्माणको कामले गति नलिएको र दलित अधिकारलाई बेवास्ता गरिएको कुरालाई निष्पक्ष रूपमा सशक्त खबरदारी गर्न सकिन्छ। यो काममा यो बुलेटिन दृढ छ। *दलित निगरानी* मा दलित तथा गैरदलित सभासदहरूले दलितको पक्षमा गरेका सकारात्मक तथा नकारात्मक कामको वस्तुनिष्ठ लेखाजोखा गरिनेछ। निस्वार्थ रूपमा काम गरेका तर प्रचारमा नआएका वा कम प्रचारमा आएका सभासदको काम र योगदानको सकारात्मक चर्चा गरी तिनलाई कर्तव्यपथमा अघि बढ्न अभिप्रेरित गर्नुपर्छ। दलित अधिकारका सवालमा राजनीतिक दल तथा दलित संघसंस्थाबीचमा कायम असमानताहरू केलाएर दलित अधिकारको साझा अवधारणा तयार नगरी दलित मुक्तिको राष्ट्रिय संकल्प सार्थक हुन सक्दैन। यसलाई बुलेटिनले आफ्नो दायित्व ठानेको छ।

यो बुलेटिनको प्रकाशनमा *एक्सनएड इन्टरनेसनल नेपाल* र *यूएनडीपीको सहभागितामूलक संविधान निर्माणमा सहयोग कार्यक्रम* को आर्थिक सहयोग रहेको छ। सुरुमा यो बुलेटिन पाक्षिक रूपमा प्रकाशन गरिनेछ। यसको स्तरोन्नति र दिगोपनका लागि सामग्री तयार पार्ने पत्रकारको टिम, लेखक, पाठक र दातृ संस्थाको महत्वपूर्ण भूमिका रहन्छ। पहिलो अंक प्रकाशनको यो अवसरमा *दलित निगरानी* लाई एउटा अभियान बनाउनका निम्ति सबैबाट अमूल्य सुझाव, आलोचना र टिप्पणीहरू प्राप्त हुने अपेक्षा राख्दछौं। लेख, रचना र टिप्पणीहरू प्रार्थनीय छन्। अस्तु।

सल्लाहकार
राजकुमार त्रिखत्री
गणेश विके देउल्याल
डा.द्रोणप्रकाश रसाइली (क्यानडा)
कृष्ण सोव (अमेरिका)
रुपेश सिलवाल (बेलायत)
धनकुमारी सुनार

प्रधान सम्पादक
हिरा विश्वकर्मा

विशेष संवाददाता
गोपाल बराइली

व्यवस्थापन
अनन्त यात्री विक
रेखा श्रीपाइली
लालबाबु महरा

प्रकाशक
राष्ट्रिय दलित नेटवर्क र
दलित अध्ययन तथा विकास केन्द्र

अनामनगर, काठमाडौं।
फोन-०१-६९११६७३
Email: dalitnigarani@ gmail.com

अन्त्य गरौं जातीय छुवाछुत, भेदभाव र अपमान
निर्माण गरौं नयाँ नेपालको समावेशी संविधान

# सभासद सक्रियता जरुरी

**संविधानसभामा ४९ जना दलितले संविधानसभामा प्रतिनिधित्व गर्ने अवसर पाएका छन् । तथापि दलित अधिकारको सवालमा संविधानसभाले प्रभावकारी भूमिका खेल्न नसकेको अनुभव गरिएको छ । सभासदहरूले संविधानसभामा दलित अधिकारका लागि दबाब दिन नसकेको गुनासो आइरहेका छन् ।**

यतिबेला संविधानसभाको बैठकमा विभिन्न विषयगत समितिले पेस गरेका अवधारणामाथि छलफल भइरहेको छ । ती छलफलमा दलित सभासद निकै क्रियाशील छन् । अवधारणामाथि प्राय: सबै दलित सभासदहरूले बोलिसकेका छन् ।

तर सबै सभासद हाजिर गर्न सँधै उपस्थित भए पनि आफू बोलेपछि हिँड्ने धेरै छन् । बैठकमा थोरै सभासद उपस्थित हुने गरेको संसद् सचिवालयले जनाएको छ । बैठकमा नबस्नेहरूमा दलित सभासद पनि कम छैनन् । दलित जनजाति पार्टीका अध्यक्ष तथा सभासद् विश्वेन्द्र पासवान भन्छन्, 'दलित सभासद हाजिर गरेर पार्टीकै काममा व्यस्त हुन्छन्, उनीहरूलाई नियन्त्रण गर्ने निकाय भएन ।'

उनको आरोप लालबाबु पण्डित संयोजक रहेको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हकहित संरक्षण समितिले पेस गरेको अवधारणाको हकमा भने लागू भएन । उक्त समितिले पेस गरेको अवधारणाको विषयमा दलित सभासदहरू खुब कड्किए । उनीहरूले संयोजक पण्डितलाई 'बाहिर कुरा गर्दा दलितको पक्षमा काम गर्छु भनेर ठूला कुरा गर्ने तर संविधानको अवधारणामा चाहिँ यो के गरेको ?' भनेर प्रश्न तेर्स्याए । दलित, सीमान्तकृत र बहिस्करणमा पारिएका समुदायलाई एउटै समूहमा राखिएकोमा उनीहरूले आक्रोशसमेत पोखे । अवधारणामा



तस्वीर : नेपाली मञ्च

**सम्मानको मज्जा** राष्ट्रिय दलित आयोगको सम्मान ग्रहण गर्दै दलित सभासद



छुवाछूत अन्त्य गरिनुपर्ने उल्लेख भए पनि त्यस्तो अपराधलाई दण्डनीय बनाउने कुरामा हिच्किचाएको उनीहरूको आरोप थियो । यसरी आक्रोश पोख्नेहरूमा विश्वभक्त दुलाल, पदम्लाल विश्वकर्मा, सन्तबहादुर नेपाली, शान्तिदेवी चमारलगायत थिए ।

विगतका संविधानमा दलित, सीमान्तकृत समुदायको अधिकार सुनिश्चित नभएकाले नयाँ संविधानको आवश्यक भएको हो । दलित सभासद्हरू संविधान बनाउने यो महान् अवसरमा सक्रिय नहुँदा दलितको पक्षमा संविधान नबन्ला कि भन्ने शंका उठेको छ । जुनसुकै पार्टीको सभासद भए पनि जनजाति सभासदहरू आफ्नो हक र अधिकारका लागि एकमत छन् । त्यसैले उनीहरूले आफ्ना मागको सम्बोधन गर्न सरकारलाई बाध्य पारेका छन् । दलित सभासदहरूमा भने त्यस्तो देखिएन । दलित सभासद् एकमत नहुनुको प्रमुख कारण दलित सभासद मञ्च क्रियाशील नभएकाले हो भन्ने ठान्छन् सभासद सन्तबहादुर नेपाली । ५० जनाको सभासद मञ्चलाई क्रियाशील बनाउने प्रयास नभएको होइन । कतिपय सभासद्हरूकै कारण मञ्च क्रियाशील हुन नसकेको आरोप लाग्ने गरेको छ । सभासद विनोद पहाडी भन्छन्, 'अब आरोप-प्रत्यारोपमा लाग्नेभन्दा मञ्चलाई क्रियाशील बनाउन लाग्नुपर्छ । यो सबैको दायित्व हो ।'

एकमत नभए पनि दलितका विषयमा दलित सभासद्हरूले बोल्ने गरेका छन् । उनीहरूले चाहिए जति भने बोल्न नसकेको गैरदलित सभासद्हरूको आरोप छ । 'बुझेकाहरूले पनि दलितका समस्यालाई वास्तविक रूपमा उठाएका छैनन्,' सभासद हेमराज भण्डारी भन्छन्-'असीमित अधिकार प्राप्त गर्ने बेलामा दलित सभासदहरूले सदन तताउन सकेनन् ।'

उनले भनेजस्तै संविधान बनाउने यो अवसरमा दलित सभासदहरूको क्रियाशीलता भएन भने पक्कै पनि नयाँ संविधानले दलितलाई पूर्णरूपमा अधिकार सम्पन्न बनाउनेछैन । दलितलाई अधिकार सम्पन्न बनाउने जिम्मेवारी बोकेर संविधानसभामा प्रतिनिधित्व गरेका दलित सभासदहरूले आफ्नो जिम्मेवारी पूरा गर्न सक्नुपर्छ । आफ्नो जिम्मेवारीबाट उम्कने प्रयत्न गरे दलित आन्दोलनले उनीहरूलाई माफ दिनेछैन ।





## दलित समस्या पढ्दै अमेरिकी छात्रा



काठमाडौं- अमेरिकी विश्वविद्यालयबाट आएका विद्यार्थीको एक टोलीले नेपालका ग्रामीण बस्तीहरूमा गएर अध्ययन अनुसन्धान गरिरहेको छ । पहाड र तराईका दुईवटा दलित बस्तीमा उनीहरूले अनुसन्धान गरिसकेका छन् । अनुसन्धानको क्रममा पहाड र तराईका दलित समुदायका बस्तीमा धेरै अन्तर पाएको उनीहरूले बताएका छन् ।

विद्यार्थी अल्लसिता घोल्स्टोनले दुवै क्षेत्रका दलित बस्तीबीच धेरै फरक पाएको बताइन् । उनले भनिन्- 'पहाडका बस्तीमा चेतनास्तर उठेको छ । तिनको तुलनामा तराईका बस्तीमा चेतनास्तर न्यून रहेको पाइयो ।' उनले भनिन्, 'सबै दलितलाई समान बनाउन राज्यले ध्यान दिनुपर्ने हो । त्यसो गरेको देखिएन ।' अर्की विद्यार्थी प्रिसिअस ट्राजेरको भनाइ पनि त्यस्तै थियो । 'पहाडका दलित बस्तीका कालकालिका विद्यालय जान्छन् । तराईका दलित बालबालिका विद्यालय जान चाहँदैनन्,' उनले भनिन्- 'आर्थिक समस्याले पनि त्यस्तो भएको होला । त्यसले सिङ्गो दलित समुदायलाई असर गर्न सक्छ ।' उनले तराईका धेरै दलित भूमिहीन रहेको पाएको बताइन् । ट्राजेरले भनिन्, 'उनीहरूका लागि शैक्षिकस्तर उकास्ने खालका कार्यक्रम ल्याउनुपर्छ ।'

अमेरिका बस्दै आएका नेपाली दलित नेता डीबी सागरको नेतृत्वमा नेपाल आएको ११ सदस्य टोलीले अझै केही साता नेपालका अन्य दलित बस्तीमा पुगेर अध्ययन गर्ने बताएको छ । यसै क्रममा टोलीले असार १३ मा राजधानीमा दलित बुद्धिजीवीहरूसँग छलफल गरेको थियो । छलफलमा सहभागीहरूले दलितको समस्या र समाधानमा राज्य मौन रहेको आरोप लगाए । कार्यक्रममा सभासद हरि श्रीपाइली, दलित बुद्धिजीवी हीरा विश्वकर्मा, गणेश विक देउल्याललगायतले बोलेका थिए । कार्यक्रम राष्ट्रिय दलित नेटवर्क र दलित अध्ययन तथा अनुसन्धान केन्द्रको आयोजनामा भएको थियो ।

## संघीयताले देश टुक्रिने चिन्ता

काठमाडौं- संविधानसभामा सबैभन्दा ठूलो दल एकीकृत नेकपा (माओवादी) सघीयताबिना सर्वहारा वर्गको मुक्ति नहुने निष्कर्षमा छ । दोस्रो ठूलो दल नेपाली कांग्रेस, तेस्रो ठूलो भए पनि सत्ताको डाडु-पन्यू समातेको नेकपा एमाले र मधेसवादी दललगायत सबै संघीयतामा नगएसम्म सबै जातिले आफ्नो अधिकार नपाउने बताउँछन् । राष्ट्रिय जनमोर्चा (राजमो) भने एक्लै सघीयताको विरोधमा छ । उसको भनाइमा सघीयतामा गए देश टुक्रिन्छ ।

राजमोका जनवर्गीय सगंठनहरूले पनि पार्टीको धारणामा स्वर मिलाएका छन् । राष्ट्रिय जनमोर्चा अध्यक्ष तथा सभासद चित्रबहादुर केसी भन्छन्, 'जनतालाई अधिकार सम्पन्न बनाउन एकात्मक प्रणालीमा जति दिन सकिन्छ, संघीयतामा सकिँदैन । जातीय समता समाजले असार ६ मा गरेको 'संघीयता र दलित अधिकारको प्रश्न' विषयक अन्तरक्रिया कार्यक्रममा बुद्धिजीवीदेखि मन्त्रीसम्मले संघीयतामा गए दलितका अधिकार झन् विखण्डित हुने बताए । स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री खड्गबहादुर बस्याल सार्कीले अबको संविधानमा दलितको अधिकार सुनिश्चित गर्न दबाब आवश्यक भएको बताए । उनले संघीयतामा जाँदा दलितले अधिकार पाउने ग्यारेन्टी गर्न नसकिने बताए ।

सभासद सन्तबहादुर नेपालीले प्रस्तुत गरेको आधारपत्रमाथि टिप्पणी गर्दै दलित बुद्धिजीवी हीरा विश्वकर्माले मुलुकलाई सघीयतामा लानै नहुने बताए । उनले संघीयतामा गइहाले दलितका अधिकार सुनिश्चित गर्न सबै लाग्नुपर्ने बताए । पत्रकार राजेश्वर श्रेष्ठले आफ्नै मुलुकमा शरणार्थी बन्ने खतरालाई सबैले रोक्नसक्नुपर्ने बताए । कार्यक्रममा जनमोर्चाका दानबहादुर विश्वकर्मा, अखिल नेपाल जनजाति सम्मेलनका महासचिव रामबहादुर बुढा, अधिवक्ता पदम रोक्का, जातीय समता समाजका राजेश विश्वकर्मा, केशमान श्रीपाइली, बुद्धि परियारलगायतले बोलेका थिए । कार्यक्रमको सभापतित्व समाजकी कार्यबाहक अध्यक्ष धनरूपा विश्वकर्माले गरेकी थिइन् ।


## बधाई तथा शुभकामना

**दलित आन्दोलनमा सक्रिय जितु गौतम र खड्गबहादुर बस्याल सार्की क्रमश सामान्य प्रशासन र स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नियुक्ति हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गदै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।**

उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान विकास समिति
**काठमाडौं**


## समाचार लेख्ने उत्साह

नुवाकोट- धादिङबाट इमेज टेलिभिजनका लागि समाचार पठाउँदै आएका नवराज छत्कुलीले अहिलेसम्म एउटै विषयमा मात्रै समाचार लेख्नुपरेको छैन । यसपटक भने उनलाई दलित, जनजाति र सीमान्तकृत समुदायको समाचार लेख्ने उत्साह थपिएको छ । उनले भने- 'अहिलेसम्म धेरै खाले समाचार लेखेँ । अब दलित र जनजातिका समाचार लेख्छु ।' नेपाल पत्रकार महासंघले अबको संविधानमा सीमान्तकृत वर्गहरूको अधिकार सुनिश्चित गर्न सञ्चारकर्मीले खेल्नुपर्ने भूमिकाबारे नुवाकोटमा आयोजना गरेको प्रशिक्षक प्रशिक्षण तालिमपछि उनले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

उनी मात्रै होइन, अन्नपूर्ण पोष्टको मनोरञ्जनको पाटो हेर्दै आएकी वाला राईले समेत सीमान्तकृत वर्गहरूको समाचार लेख्नुको महत्व बेग्लै हुने भएकाले अबका दिनमा त्यस्ता समुदायको समाचारमा आफ्नो ध्यान जाने बताइन् । उनले भनिन्- 'सीमान्तकृत वर्गको अधिकार सुनिश्चित गर्न सके त्यसको जस सञ्चारकर्मीले लिन सक्नेछन् ।' छत्कुली र राईजस्तै उज्यालो एफएमका हिम विष्ट, रेडियो सगरमाथाकी ममता थापा, कान्तिपुरका कृष्ण थापा, ललितपुरका अमृत



तिम्सिना, नुवाकोटका राजुमित्र खनाल, शिव देवकोटा, सिन्धुपाल्चोकका माधव नेपाललगायत २१ जना सञ्चारकर्मीले सीमान्तकृत समुदायका समस्या छनोट गरेका थिए । उनीहरूले सीमान्तकृत वर्गमा पनि विशेषगरी दलित समुदायको सशक्तीकरण आवश्यक भएको बताएका थिए । उनीहरूले जस्तै झापा, बर्दिया र नवलपरासीमा भएको यस्तै कार्यक्रमका सहभागी पत्रकारले पनि सीमान्तकृत समुदायको समस्या समयमै सञ्चारकर्मीले नउठाइदिए संविधानमा त्यसले ठाउँ नपाउने बताए ।

नयाँ संविधानमा सीमान्तकृत वर्गका अधिकार सुनिश्चित गराउन नेपाल पत्रकार महासंघले मुलुकभरका पत्रकारलाई तालिम दिएर दबाबमूलक अभियान सुरु गरेको छ । राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी र नीति निर्माण तहमा रहेकाहरूलाई दबाब दिन सके सीमान्तकृत वर्गको अधिकार सुनिश्चित हुनसक्ने महासंघको ठम्याइ छ । महासंघका उपाध्यक्ष गोविन्द आचार्य भन्छन्- 'दलित, जनजाति र अन्य सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्न अभियान चाल्नुको विकल्प देखिएन ।'

जनआन्दोलनपछि दलित समुदायमा भएका घटनालाई सीमित सञ्चार माध्यमले मात्रै स्थान दिएका छन् । संविधान बनाउने महत्वपूर्ण समयमा दलितका मुद्दाबारे सञ्चारकर्मीले आवाज उठाउन सकेका छैनन् । महासंघका सल्लाहकार तथा पूर्वउपाध्यक्ष शिव गाउँले दलितका सवाल ओझेलमा परेको स्विकार्दै भन्छन्, 'अब सञ्चारमाध्यमले दलितका सवाल उठाउन भुल्नेछैनन् ।'

# प्रगतिशील आरक्षण चाहिन्छ, चाहिन्छ

■ लालबहादुर विश्वकर्मा

जगत् र सृष्टिको गतिशीलतालाई हेरेर हामीले प्रगतिशील आरक्षणको नीतिलाई अगाडि सारेका छौं । मूलतः समाजलाई कसरी परिवर्तन गर्ने ? यो समाजलाई कसरी समायोजन गर्ने भन्ने कुरालाई केन्द्रित गरेका छौं । ताप बढी भयो भने पानी बाफमा परिणत हुन्छ । एक वस्तुबाट अर्को वस्तुमा परिणत हुने यो नियमलाई आधार मानेर हामीले प्रगतिशील आरक्षण अगाडि सारेका छौं । एक वस्तुबाट अर्को वस्तुमा परिणत हुने निषेधको निषेध नियमलाई हामीले आधार मानेका छौं । नेपाली दलितहरूलाई एउटा पक्षबाट अर्को पक्षमा रूपान्तरण गराउन जुन पक्ष कमजोर छ, त्यसलाई परिपूर्ति गराउन लगाएर अर्कै स्थानमा पुऱ्याउने र दिएका चिजहरूलाई निषेधको निधेष नियमअनुसार अगाडि बढाउनुपर्छ । मानवको जीवन शैली विकास गर्ने कानुन, नीति नियम र कार्यान्वयन गतिशील हुनुपर्छ । जुन चिजमा गतिशीलता हुँदैन त्यसले नेपाली दलितलाई माथि उठाउन सक्दैन । वर्षौंदेखि पछाडि पारिएका दलित समुदायको उत्थानका लागि गतिशीशल आरक्षण आवश्यक पर्छ । वस्तुतः गतिशील आरक्षण नै प्रगतिशी आरक्षण हो ।

**हाम्रो कार्यनीति प्रगतिशील आरक्षण र लक्ष्य समतामूलक समाज निर्माण गर्ने हो । विशेष अधिकार कानुनभन्दा माथि हुन्छ । नेपालमा कुनै बेला विशेषाधिकार राजा-रजौटाहरूले प्रयोग गर्थे । यस्तो विशेषाधिकार नेपालमा गतिशील हुन सक्दैन । कानुनभन्दा माथि बसेर आफूले राजकाज चलाउने अधिकार कुनै नागरिकलाई हुँदैन । त्यसैले विशेष अधिकार होइन, प्रगतिशील आरक्षण चाहिन्छ ।**

आरक्षण, विशेषाधिकार, विशेष कार्यक्रम जस्ता अमूर्त कुरा उठाएर दलितलाई समेट्न सकिँदैन । हामीले विगतमा बनेका कानुन हेऱ्यौं, विगतका सरकारले गरेका निर्णयहरू हेऱ्यौं र बारम्बार गरिएका सरकारी घोषणाहरू पनि हेऱ्यौं । त्यसमा विशेष कार्यक्रम ल्याइनेछ, विशेष जोड दिइनेछ, सुनिश्चित गरिनेछ जस्ता थुप्रै शब्द लेखिएका छन् । माओवादी नेतृत्वमा बनेको सरकारले ल्याएको बजेटमा पनि दलित समुदायलाई विशेष कार्यक्रम दिइनेछ, विशेष व्यवस्था गरिनेछ भनिएको छ । विशेष व्यवस्था, कार्यक्रम र नीतिभित्र के-के पर्छन् ? त्यो कुरा स्पष्ट आएन । त्यस्तो अमूर्त भनाइले दलितलाई के फाइदा हुन्छ ? केही हुँदैन । यहाँ दलितहरू कति छन् भन्ने पनि थाहा छैन । अवस्था के छ ? भेदभाव कसरी हुन्छ ? दलित समुदायको पहुँच कस्तो छ ? शिक्षा स्वास्थ्य, रोजगारीको अवस्था कस्तो छ ? यावत् विषयको तथ्याङ्क राज्यले लिनुपर्छ र तिनीहरूको तह छुट्याउनुपर्छ । गरिबीको रेखामुनि रहेका दलितहरूलाई मध्यम, निम्न, धनी, पुँजीपति र धनाढ्यमा वर्गीकरण गरेर पाँचवटा रंगको अलगअलग परिचयपत्र दिनुपर्छ । त्यसरी वर्गीकृत गरिएका तल्लो तहका दलितलाई राज्यका हरेक सेवा सुविधा दिनुपर्छ । तल्ला तहका दलितहरूलाई क्रमशः माथिल्लो तहसम्म पुऱ्याउने कार्यक्रमहरू बनाउनुपर्छ ।

प्रगतिशील आरक्षणमा हामीले तीनवटा कुरा भनेका छौं । एक आसन, दोस्रो राशन र तेस्रो शासन । हामीले राज्यका हरेक तहमा दलितहरूलाई २० प्रतिशत आरक्षण दिनुपर्छ भनेका छौं । हामीले मागेको २० प्रतिशत आरक्षण आरनमा बस्ने, लुगा सिउने, गिटी कुट्ने अर्काको घरमा भाँडा माझेर बस्ने दलितहरूका लागि हो, त्यो प्रगतिशील आरक्षणबिना सम्भव छैन । दलितलाई आसन र राशनले सम्पन्न गराएपछि उनीहरू शासनमा पुग्ने बाटो खुल्छ । अनि मात्रै समतामूलक समाज निर्माण गर्न सकिन्छ । यसबाट मात्रै विद्रोह र अन्तरविरोधबिनाको समाज निर्माण सम्भव हुन्छ । यसलाई हामी गतिशील भन्छौं । समाजलाई चलाउने विधिमा गति भएन भने त्यसले एकतालाई सूत्रबद्ध गरेर बलियो बनाउँदैन, राजनीतिक स्थिरता हुँदैन र त्यसले समृद्ध समाज पनि बनाउन सक्दैन ।

अहिले चरम चुलीमा पुगेको केन्द्रीय पुँजीलाई विकेन्द्रित पुँजीमा विकास गर्नुपर्छ । अहिले मुठ्ठीभर मान्छेहरूको हातमा असीमित सम्पत्ति छ । उत्पादन जनताले र मूल्य निर्धारण बसी खाने वर्गले गर्छ । उत्पादन प्रणाली र वितरण प्रणाली उत्पादकहरूकै हातमा हुनुपर्छ । हामीले भनेको प्रगतिशील आरक्षण विकेन्द्रीकृत पुँजीको उठान हो । समिति व्यक्तिहरूको हातमा भएको असीमित सम्पत्तिलाई राष्ट्रियकरण गर्न उनीहरूले इन्कार गरिरहेको यो अवस्थामा प्रगतिशील आरक्षणले मद्दत पुऱ्याउँछ र वर्गीय क्रान्तिलाई टेवा दिन्छ । यो किसिमको प्रगतिशील आरक्षणले पनि सर्वहारा क्रान्तिलाई धारिलो बनाउँछ । यसले आन्दोलनको आँधीबेहरी सिर्जना गर्छ । नेपाल पुँजीवादउन्मुख भइरहेको यो समयलाई समाउन सकेनौं भने जनता अगाडि बढ्ने र नेता कार्यकर्ता पछाडि रहने सम्भावना हुन्छ । जनता र कार्यकर्तालाई सँगसँगै हिँडाउन सक्ने अवस्था राजनीतिक दलहरूले निर्माण गर्नुपर्छ । राज्य सञ्चालनको विधि नीतिले निर्धारण गर्ने भएकाले नीतिभित्र गोलबद्ध गराउन प्रगतिशील आरक्षणले मद्दत पुऱ्याउँछ ।

केही साथीहरूले विशेष अधिकारको कुरा उठाउनुभएको छ र केही साथीहरू आरक्षणको पक्षमा हुनुहुन्छ । यी आफ्ना-आफ्ना कुरा हुन् । विशेषाधिकारमा अल्झिनुभएका मित्रहरूका तर्कलाई खण्डन गरिरहनुपर्ने आवश्यकता म देख्दिनँ । विशेष अधिकारभित्र के-के छन् ? यो कत्तिको गतिशील हुन्छ ? त्यसको लक्ष्य के हो ? कार्यनीति के हो ? आरक्षण के हो ? आरक्षणभित्र के कस्ता अधिकार हुन्छ ? आवश्यकता परेको चिज दलितले पाउँछन् कि पाउँदैनन् ? त्यो उहाँले किटान गर्नुपर्छ । हाम्रो कार्यनीति प्रगतिशील आरक्षण र लक्ष्य समतामूलक समाज निर्माण गर्ने हो । हाम्रो बुझाइमा विशेष अधिकार भनेको कानुनभन्दा माथि हुन्छ । नेपालको हकमा कुनै बेला विशेषाधिकार राजा-रजौटाहरूले प्रयोग गर्थे । चीनमा जमिनमाथि जसले प्रभुत्व जमाउँथ्यो, त्यसलाई विशेषाधिकार भनिन्थ्यो । त्यस्तो किसिमको विशेषाधिकार नेपालको हकमा गतिशील हुन सक्दैन । कानुनभन्दा माथि बसेर आफूले राजकाज चलाउने अधिकार कुनै नागरिकलाई हुँदैन र हुनु पनि हुँदैन । विशेष कार्यक्रम र विशेषाधिकार यही हो ।

नेपाली जनताको वस्तुस्थिति पहिचान नगरी बनाइएका कुनै पनि मोडल र कानुन, ऐन र कार्यक्रम ल्याइयो भने त्यसलाई आरक्षण भनिदिए पुग्छ । नीति नियम बनाउने मान्छेले जे दिन चाहेको हो, त्यसलाई आरक्षण भनिदिए पुग्छ । आरक्षण भनेको जेजे दिने हो त्यो किटान गरिएको हुन्छ । सुनिश्चित भनेको पनि त्यही नै हो । समयको गतिलाई समात्न सकेनौं भने आरक्षणको गीत गाएर मात्रै केही हुँदैन । दलितभित्रका पनि मुठ्ठीभर व्यक्तिको हातमा पुग्ने आरक्षण ४० लाख दलितको मुठ्ठीसम्म छैन । राजकीय क्षेत्रमा मात्रै आरक्षण दिइँदा पनि दलित समुदायको मुक्ति सम्भव छैन ।

हो, हामीलाई असीमित अधिकार चाहिएको छ । असीमित अधिकार प्राप्तिका लागि संघर्ष जरुरी छ । हामी तीनतिर अल्मलियौं भने अधिकार प्राप्त गर्न सक्दैनौं । विचार जन्मनु अपराध होइन । अहिले आरक्षण, प्रगतिशील आरक्षण र विशेषाधिकारको विचार जन्मिएको छ । यो सकारात्मक पक्ष हो । एउटै विचारमा हामी अट्न सक्दैनौं । धेरै खाले विचारबाट बल्ल तीन प्रकारका विचारमा आइपुगेका छौं । त्यसबाट पनि दुईमा आउन सक्छौं । त्यसका लागि हामीले पर्याप्त छलफल गर्नुपर्छ । पर्याप्त छलफल गर्न सक्यौं भने एउटा वादमा ल्याएर टुङ्ग्याउन सक्छौं । जसरी पनि दलित मुक्ति हुनुपर्छ भन्ने सबैको चाहना छ । मार्क्सवादी र भौतिकवादी दर्शनबाट हाम्रा यी विचार जन्मिएकाले निषेधको निषेध नियम, द्वन्द्ववाद र भौतिकवादको नियमअनुसार यसलाई टुंगोमा पुऱ्याउन सकिन्छ । मेरो गोरुको बाह्रै टक्का भन्ने अडान त्याग्न हामीले हिच्किचाउनुहुँदैन । हामी कुनै न कुनै पार्टीको सिद्धान्तको मुनि छौं तर दलित हक अधिकार प्राप्तिका लागि हामी एक ठाउँमा आउन सक्छौं । आउनैपर्छ, यसको कुनै विकल्प छैन पनि ।

*(लेखक नेपाल उत्पीडित जातीय मुक्ति समाजका केन्द्रीय अध्यक्ष हुन्)*





# विशेष अधिकार नभई हुँदैन



■ धर्म विश्वकर्मा

दलित समुदायमाथिको थिचोमिचो, शोषण, दमन, उत्पीडन र अन्यायलाई विभिन्न विचार, सोच र चिन्तनमा आस्था राख्ने व्यक्ति, संघसंस्था र राजनीतिक पार्टीहरूले आफ्नै तरिकाले विश्लेषण गरेको पाइन्छ । वर्णाश्रम व्यवस्थाको विकाससँगै दलित समुदायमाथि उत्पीडन सुरुवात भएको भनिन्छ । तर वर्णाश्रमले कालो वर्ण र गोरो वर्णको कुरा गर्छ । जो दलित समुदायसँग मिल्दैन । त्यसैले दलितको उत्पीडन वर्णव्यवस्थाभन्दा आदिम साम्यवादको विघटनपछि सुरु भएको पाइन्छ । त्यतिखेरै समाज दास र मालिकमा विभाजन भएको हो । त्यहीँबाट मानव समाजमा भएका सबै शोषक र उत्पीडकहरूको उत्पत्ति र विकास भएको देखिन्छ । उत्पीडित वर्ग वा अभिजात वर्गले उत्पादनका साधनहरूमा आफ्नो कब्जा जमाइराख्न विभिन्न किसिमका नियम, कानुन, धर्म र संस्कारको विकास गरी उत्पीडनलाई संस्थागत गरेको छन् । उत्पादन गर्न चाहिने वस्तुको स्वामित्व मालिकसँगै राख्नका लागि मालिकहरूले राज्यसत्ताको विकास गरेको पाइन्छ ।

कालन्तरमा यही राज्य सत्ता नै वर्गीय शोषण र उत्पीडनको मुख्य साधन बनेको बुझिन्छ । शासन सत्ता सञ्चालन गर्ने राज्यसत्तामा पहुँच भएको वर्ग शासक वर्ग बन्यो भने राज्य सत्तामा पहुँच नभएको वर्ग शासित बन्यों । राज्य सत्ताको उत्पत्तिसँगै उत्पीडनको पनि सुरुवात भएको हो भने संघर्षको पनि सुरुवात भएको हो । उत्पादनका साधनहरूमाथि आफ्नो स्वामित्व कायम गरिराख्न शासक वर्गले राज्य सत्ताको विस्तार गरेको र त्यसको विरोध गर्नेलाई दण्ड सजायको माध्यमबाट दमन गर्ने गर्दै आएको हो । अन्यायविरुद्ध विद्रोह गर्नु शासितहरूको विशेषता बनेको छ । अन्याय गर्ने र अन्यायविरुद्ध संघर्ष गर्नेबीचको टक्करबाटै मार्क्सवादको जन्म भएको छ । मार्क्सवादले मुठ्ठीभर शासक वर्गको शासनको अन्त्य गरी बहुसंख्यक शासितहरूको शासनको स्थापना गरेको छ । सबैखाले शोषण र उत्पीडनको जन्जिरबाट मानव समाजको मुक्ति गर्नु नै मार्क्सवादको मुख्य जिम्मा भएको छ । त्यसैले मार्क्सवादलाई ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवाद भनिन्छ ।

दलितहरूको बलिदान र संघर्षहरूको तुलनामा दलितहरूले प्राप्त गरेका उपलब्धि कमै पाइन्छ । यसको मुख्य कारण दलित मुक्तिको सही विचार, एजेन्डा र ठोस योजना निर्माण गर्नु नसक्नु नै रहेको छ । यतिबेला दलित मुक्तिका लागि सही विचार, साझा एजेन्डा, ठोस योजना र सही नेतृत्वको आवश्यकतो छ । त्यसका लागि दलितहरूले एउटा साझा एजेन्डा तय गर्नुपर्छ । त्यो साझा एजेन्डालाई पूरा गर्न बृहत् आन्दोलनको आवश्यकता पर्छ । त्यो सबै जिम्मा पूरा गर्न विचार, साहस र बलिदानबाट सुसज्जित नेतृत्वको नितान्त आवश्यकता छ । यो आवश्यकतालाई पूरा गर्नका लागि राज्यसत्ताको पुनः संरचनासँगसँगै दलितहरूको साझा सवाल विशेषाधिकारलाई बनाएर लैजानुपर्छ । दलितहरूको समस्या विशुद्ध दलितहरूको मात्र नभएर यो समाज विकासको क्रममा पैदा भएको नेपाली समाजको विशिष्ट समस्या हो । यो नेपाली राष्ट्रिय समस्या पनि हो । यसको समाधान पनि त्यही विशिष्टतामा खुल्नुपर्छ । समस्याको सही र वैज्ञानिक तरिकाले समाधान गर्नुपर्छ । त्यो सबै विषयलाई समेटेर दलितहरूलाई मुक्त गरी राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउन दलितहरूलाई राज्यसत्ता र प्राकृतिक साधन स्रोतमा समान पहुँच बढाउन, समानुपतिक समावेशी प्रतिनिधित्वसहित विशेषाधिकारको ग्यारेन्टी गर्नुपर्छ ।

**राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउन दलितहरूलाई राज्यसत्ता र प्राकृतिक साधन स्रोतमा समान पहुँच बढाउन, समानुपतिक समावेशी प्रतिनिधित्वसहित विशेषाधिकारको ग्यारेन्टी गर्नुपर्छ ।**

अर्को कोणबाट दलितलाई आरक्षण वा प्रगतिशील आरक्षणको कुराले भ्रममा पार्ने ठूलो षड्यन्त्र भइरहेको छ । दलितको समस्या भनेको समाज विकासको विशिष्टतामा पैदा भएको राजनीतिक, आर्थिक र सांस्कृतिक समस्या हो । जनसंख्यासँगै यो दिन प्रतिदिन बढ्दै गइरहेको छ । रोजगारीलगायत समाजका हरेक क्षेत्रमा यसको उठान भइरहेको छ । दयामायास्वरूप दिइने आरक्षणले यो समस्याको समाधान गर्दैन । बरु यसले द्वन्द्वको सिर्जना गर्नेछ । आरक्षणको विषयमा हामीले भारतबाट पनि थुप्रै कुरा सिक्न सक्छौं । आज सम्पूर्ण दलितलाई अधिकार चाहिएको छ । मालिक र प्रभुको दयामायाबाट दलितहरू मुक्त हुन सक्दैनन् । त्यसैले दलितलाई पूर्णरूपमा मुक्त गरी समाजको मूलप्रवाहमा ल्याउन आरक्षण होइन विशेषाधिकारको आवश्यकता छ । दलितको समस्या वर्गीय समस्याको एउटा अभिन्न अंग भएकाले सम्पूर्ण नेपाली समाजको वर्गीय मुक्तिबाट मात्रै दलितको मुक्ति सम्भव छ । त्यसैले सम्पूर्ण दलित समुदायले वर्गीय मुक्तिभित्र आफ्नो जातीय मुक्ति देखिरहेका छन् । वर्गीय मुक्तिभित्र दलितहरूको मुक्तिको ग्यारेन्टी गर्न दलितलाई राज्यसत्ताको पुनः संरचनासँगै विशेषाधिकारको व्यवस्था हुनु आवश्यक छ ।

*(लेखक एनेकपा (माओवादी) सेती महाकाली राज्य समितिको सचिवालय सदस्य हुन्)*

शुभकामना

राष्ट्रिय दलित नेटवर्क तथा दलित अध्ययन तथा विकास केन्द्रले दलित निगरानी नामक बुलेटिन प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दै निरन्तर प्रकाशनको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

केशमान श्रीपाइली
चेतना धौलागिरी गेष्ट हाउस
माछापोखरी, बालाजु
काठमाडौं

बधाई तथा शुभकामना

दलित आन्दोलनमा सक्रिय जितु गौतम र खड्गबहादुर बस्याल सार्की क्रमश सामान्य प्रशासन र स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नियुक्ति हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

दलित गैरसरकारी संस्था महासंघ
सानेपा, ललितपुर

बहस

# आरक्षणको विकल्पै छैन



■ राजेश विश्वकर्मा

**दलित संगठनहरूबीच आरक्षण व्यवस्थाको माध्यमबाट समग्र दलितहरूको हित र उत्थानका लागि काम गर्नुभन्दा शब्दावलीको बहसमा समय खर्चिने काम भइरहेको छ ।**

आरक्षण प्रणालीको अवधारणा सामाजिक विभेद र समानीकरणबीचको अन्तरविरोधलाई सम्बोधन गर्ने उपायका रूपमा अगाडि आएको छ । यसलाई जनाउन विभिन्न विद्वानहरूले सरकारात्मक विभेद, वितरणकारी न्याय, समान अवसर, प्रथामिकतायुक्त नीति, जागृति लक्ष्य, आरक्षण, कोटा प्रणाली, विशेष उपाय, विशेष संरक्षण, विशेष अधिकार, विशेष व्यवहार, सारभूत समानता आदि शब्दको प्रयोग गरेका छन् । विभिन्न सन्दर्भ र परिस्थितिमा प्रयोग भए तापनि यी शब्दहरूमा सारतत्वको हिसाबले खासै ठूलो अन्तर देखिन्न ।

नेपालको सन्दर्भमा बढी प्रयोगमा आएको शब्द आरक्षण र सकारात्मक विभेद हो । विशेषत: समाजशास्त्रीहरू र अधिकारकर्मीहरूले सकारात्मक विभेदको प्रयोग गरेको देखिन्छ भने दलित आन्दोलनभित्र आरक्षण शब्द नै बढी प्रयोग हुने गरेको छ । व्यावहारिक रूपमा हेर्दा आरक्षण सबैको साझा शब्द भएको छ । हाम्रो सन्दर्भमा आरक्षण शब्दको प्रयोग तीसको दशकदेखि प्रयोग हुन थालेको देखिन्छ । जातीय समता समाजले स्थापनाकालदेखि नै आरक्षणको माग उठाउँदै आएको थियो । समाजले २०५४ सालमा 'आरक्षणसम्बन्धी प्रस्ताव' पारित गरेर सार्वजनिक आरक्षण आन्दोलनलाई व्यवस्थित रूपमा अघि बढाउने काम गऱ्यो ।

दलित आन्दोलनको उत्कर्षसँगै आरक्षणको बहसले पनि गति लिएको हो । अहिले दलित संगठनहरूबीच आरक्षण व्यवस्थाको माध्यमबाट समग्र दलितहरूको हित र उत्थानका लागि काम गर्नुभन्दा शब्दावलीको बहसमा समय खर्चिने काम भइरहेको छ । यस सन्दर्भमा माओवादी सम्बद्ध दलित मुक्ति मोर्चाले आरक्षणको सट्टा 'विशेष अधिकार' भन्ने शब्दावली प्रयोग गर्दै आइरहेको छ । उनीहरूको भनाइअनुसार आरक्षण शब्दले दयाको भाव जनाउँछ, अधिकारको भाव दिँदैन । यसले आमूल परिवर्तन नगरेर सुधार मात्र गर्ने हुनाले यो सुधारवादी कार्यक्रम हो, त्यसकारण दलितहरूलाई विशेष अधिकार चाहिन्छ, भन्ने उनीहरूको तर्क छ । उनीहरूले यसको स्पष्ट खाका अझै बाहिर ल्याउन सकेका छैनन् । अर्कोतिर उनीहरूले विशेष अधिकारको पुष्टि क्रान्तिबाट प्राप्त पुनर्संरचित अग्रगामी सत्तामा मात्र हुन सक्छ र यो उत्पीडित वर्ग, जाति, लिङ्ग र क्षेत्रको वर्चस्वमा लागू हुन्छ भनेका छन् ।

निश्चित रूपमा आरक्षण प्रणाली सुधारवादी कार्यक्रम हो । यसले दलितहरूलाई विद्यमान व्यवस्थापनभित्र अहिलेको अवस्थाबाट माथि ल्याउन र केही सीमित अधिकार दिलाउन मद्दत गर्दछ । उनीहरूले भनेअनुसार आमूल परिवर्तनपछि अग्रगामी सत्तामा लागू हुने विशेष अधिकारलाई आरक्षण प्रणालीको ठाउँमा जबरजस्ती प्रतिस्थापित गर्न खोज्नु अतिवादी सोचमात्रै हो । किनभने आमूल परिवर्तन भएर क्रान्तिकारी सत्ता आएपछि शोषित, उत्पीडित जनताको सत्तामा स्वत: वर्चस्व कायम हुन्छ । त्यस अवस्थामा आरक्षणको आवश्यकता किन रह्यो र ? अहिलेको अवस्था त्यस्तो होइन । अर्को कुरा आरक्षण भनेकै पुँजीवादी तथा सामन्ती सत्ताभित्र हरेक क्षेत्रमा पछाडि पारिएका दलितहरूलाई व्यवस्था गरिने विशेष र थप सुविधा हो ।

त्यसैगरी अहिले चर्चामा आएको अर्को शब्द 'प्रगतिशील आरक्षण' हो । यसलाई उत्पीडित जातीय मुक्ति समाजले प्रयोग गर्दै आइरहेको छ । आरक्षण भनेको विद्यमान समाज व्यवस्थामा विभिन्न कारणले पछाडि पारिएका वर्ग सामाजिक लिङ्ग, जाति र समुदायलाई अन्य वर्ग, जाति, समुदाय र सामाजिक लिङ्गसरह माथि उठाउनका लागि राज्यद्वारा गरिने विशेष व्यवस्था हो । त्यसैले यसको प्रकृति आफैँमा प्रगतिशील हुन्छ । त्यसैले यहाँ प्रगतिशील भन्ने शब्द झुन्ड्याइरहनुपर्ने आवश्यकता देखिँदैन । हाम्रो सन्दर्भमा यी शब्दको सारतत्व एउटै हो । सारमा कुनै मौलिक अन्तर छैन । यी सबै आफ्नो संगठनको अलग पहिचान देखाउन प्रयोग गरिएका शाब्दिक कलाबाजीमात्र हो ।

दलितहरूको सामाजिक स्थिति हेर्ने हो भने अत्यन्तै विकराल छ । उनीहरू भोक, रोग, अशिक्षा, गरिबी र सामाजिक अपमानबाट पिल्सिरहेका छन् । आर्थिक, सामाजिक, सांस्कृतिक हरेक क्षेत्रमा उनीहरूका समस्या गम्भीर प्रकारका छन् । छुवाछूत र भेदभाव उनीहरूको मुख्य समस्या हो । यसकै कारणले उनीहरूको आर्थिक, राजनीतिक जीवनलाई संकुचित पार्ने काम गरेको छ । रोजगारीको अवसरबाट वञ्चित हुनुपरेको छ । पेसा छनोटको स्वतन्त्रता कुण्ठित भएको छ । राजनीतिक र सामाजिक हैसियत प्राप्त गर्न बाधा उत्पन्न भएको छ । शिक्षामा पहुँच छैन । त्यसैगरी भूमिहीनताको कारणले चर्को बेरोजगारी र बालीघरे प्रथामा सीमित हुनुपरिरहेको छ । राज्यको नीति निर्माण र कार्यान्वयन संयन्त्रमा प्रतिनिधित्व हुन सकेको छैन । यस प्रकारका दर्जनौं समस्या अहिले दलितले भोगिरहेका छन् ।

त्यसैले यी सबै समस्यालाई एकमुष्ट सम्बोधन गर्न राज्यले आरक्षण व्यवस्था लागू गर्नु अनिवार्य छ । आरक्षण कार्यक्रमको लक्ष्य छुवाछूत भेदभावसहितको वर्तमान सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक संरचनालाई परिवर्तन गर्ने उद्देश्यबाट प्रेरित हुनुपर्छ । छुवाछूत, भेदभाव हेर्ने विशेष अदालतको व्यवस्था गरिनुपर्छ । त्यस्तो मुद्दालाई सरकारवादी मुद्दा बनाइनुपर्छ । दोषीलाई कडा कारबाहीको व्यवस्था गरिनुपर्छ । त्यसैगरी उच्च शिक्षासम्म छात्रवृत्तिसहित नि:शुल्क शिक्षाको व्यवस्था गर्नुपर्छ । प्राविधिक शिक्षामा समानुपातिक आधारमा आरक्षित कोटाको व्यवस्था गरिनुपर्छ ।

त्यसैगरी कृषिमा निर्भर र भूमिहीन दलितहरूलाई ठाउँअनुसार उनीहरूको जीविका चल्ने गरी भूमिको व्यवस्था गर्नुपर्छ । उक्त जमिन निश्चित अवधिसम्म उनीहरूको हातबाट गुम्न नपाउने संरक्षणात्मक व्यवस्था गर्नुपर्छ । त्यसैगरी बालीघरे प्रथा र हलिया प्रथाको अन्त्य गरी यो पेसालाई नगद प्रणालीमा विकास गर्नुका साथै हलियालाई मोहियानी हकको व्यवस्था गर्नुपर्छ । त्यसैगरी दलित जातिहरूको परम्परागत पेसालाई प्रवर्द्धन गरी उद्योगको रूपमा मान्यता दिनुपर्छ । रोजगारीको अवसर सिर्जना गरी त्यसमा पहिलो प्राथमिकता दलितहरूलाई दिनुपर्छ । त्यसैगरी राजनीतिक क्षेत्रमा संसद्देखि स्थानीय स्तरसम्म समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने र दलित प्रतिनिधिका लागि आरक्षित चुनाव क्षेत्रको व्यवस्था हुनुपर्छ । आरक्षण अधिकारलाई संवैधानिक र समानुपातिक बनाइनुपर्छ ।

उपयुक्त उपायहरूको आधारमा आरक्षण व्यवस्था लागू गरियो भने निश्चित रूपमा दलितहरूको जीवनस्तरमा केही न केही सुधार आउनेछ । यी कुराहरू संवैधानिक व्यवस्थाले मात्र पुग्दैन, त्यसलाई कार्यान्वयन गर्ने सरकारको इच्छाशक्तिको महत्वपूर्ण भूमिका रहन्छ । किनभने विगतमा दलित समुदायको पक्षमा बनेका कतिपय कानुनी व्यवस्थाहरू सरकारी इच्छाशक्तिको अभावमा ओझेलमा पर्दै आइरहेका छन् । त्यसैले यसमा स्वयं दलित समुदायको जागरुकता, तत्परता र आफ्नो अधिकार सुनिश्चत गर्न र उपभोग गर्न प्रयोग गर्ने संगठित र एकीकृत दबाबको पनि महत्वपूर्ण भूमिका रहन्छ । यस दिशामा दलित संघ-संस्था र संगठनहरूको ध्यान उचित मात्रामा जान सकेको छैन । नयाँ संविधान निर्माणको वर्तमान अवस्थामा आरक्षणजस्तो अत्यन्तै महत्वपूर्ण र साझा सवालमा सम्पूर्ण दलितहरू कसरी एक ठाउँमा आउन सक्छन् भन्ने कुरातिर सबैको ध्यान जान जरुरी छ । त्यस दिशामा सबैले आ-आफ्ना मतमतान्तर छाडेर साझा बिन्दुमा उभिन पहल गर्न ढिलाइ गर्नुहुँदैन ।

आरक्षण एउटा सुधारवादी नारा हो । यसले दलितहरूको जीवनमा आमूल परिवर्तन गर्दैन । उनीहरूको जीवनमा आमूल परिवर्तन ल्याउन विद्यमान सामन्तवादी आर्थिक तथा सामाजिक संरचनामा आमूल परिवर्तन गर्न जरुरी छ । आरक्षण प्रणालीले प्रथमत: दलितहरूको विद्यमान अवस्थालाई माथि उठाउन र केही सीमित हक अधिकार प्राप्त गर्न मद्दत गर्नेछ । द्वितीय, यसले आमूल परिवर्तनको दिशामा चलिरहेको दलित आन्दोलनलाई अघि बढाउन आधार तयार गर्नेछ । त्यसैले दलितहरूको जीवनस्तरमा आमूल परिवर्तन गर्नका लागि विद्यमान व्यवस्थाविरुद्ध लगातार संघर्ष गर्नुपर्ने आवश्यकता छ । त्यसैले आरक्षण आन्दोलनलाई हामीले विद्यमान व्यवस्थाको अन्त्य र समानतामूलक समाजको स्थापनाको उचाइसम्म विकास गरेर लैजानुपर्छ । यस सन्दर्भमा हामीले आफ्नो मुक्ति आन्दोलनको अधिकतम लक्ष्य आरक्षण आन्दोलन होइन समतामूलक समाजको स्थापनालाई बनाउनुपर्छ ।

*(लेखक जातीय समता समाजका नेता हुन् ।)*



प्रश्नोत्तर

# मधेसी दलले दलितलाई दबाएका छन्

**नेकपा (मानन्धर) बाट २०२६ सालदेखि कम्युनिस्ट आन्दोलनमा समाहित भएका महेन्द्र राय यादवले धेरैपटक जेल जीवन बिताएका छन् । ०५१ सालमा एमालेमा प्रवश गरेपछि उनी राज्यमन्त्री बनेका थिए । एमालेमा वर्गीय चेतना हराउँदै गएको, राज्यद्वारा पछाडि पारिएका वर्ग र समुदायको मुद्दाप्रति बेवास्ता हुन थालेको आरोप लगाउँदै उनले एमाले परित्याग गरे । एमाले परित्याग गरेपछि चाहिँ ०६४ सालमा गठित तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) का उनी संस्थापक बने । ०५६ सालको निर्वाचनमा सर्लाहीबाट निर्वाचित यादव संविधानसभाका मनोनीत सभासद हुन् । प्रस्तुत छ, उनीसँग *दलित निगरानी* ले गरेको सम्वाद :**



**महेन्द्रराय यादव**
उद्योग मन्त्री

**तपाईंको पार्टीमा दलितको अवस्था कस्तो छ ?**

हाम्रो पार्टीमा मधेसवादी अन्य दलहरूको तुलनामा दलितको सहभागिता राम्रो छ । हाम्रो पार्टी स्थापना भएको डेढ वर्ष मात्रै पुग्दै छ । दलित समुदायलाई आर्थिक, सामाजिक, शैक्षिकलगायत सबै क्षेत्रमा राज्यले विभेद गरेको छ । कानुन भएर पनि लागू हुन सकेको छैन । यसको मूलकारण सामन्ती व्यवस्था नै हो । पछिल्लो समयमा भने दलित समुदाय जुर्मुराएको छ । दलित समुदायको मुक्तिका लागि हाम्रो पार्टीले एजेन्डा तयार गरेको छ । उनीहरूको मुक्तिका लागि लड्न हाम्रो पार्टी तयार छ ।

**एजेन्डा तयार पारेर मात्रै दलितको मुक्ति होला र ?**

दलित मुक्ति गफले हुँदैन, व्यवहारले हुनुपर्छ । वास्तवमा नीति निर्माणको तहमा दलितको पहुँच छैन । अझै पनि दलितहरूको पहिचान, पहुँच र प्रतिनिधित्वको सवाल महत्वपूर्ण छ । समानुपातिक प्रणालीले गर्दा संविधानसभामा कम्तीमा पनि सम्मानजनक प्रतिनिधित्व भएको छ । जुनसुकै पार्टीबाट आएको भए पनि एकै स्वरले दलितहरू अगाडि बढिरहेका छन् । कानुनमै राज्यका प्रत्येक अंगमा समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गरियो भने दलित समस्याको समाधान हुन्छ । हुन त, अहिलेको कानुन विभेदकारी छ । यस्तो कानुन खारेज नभएसम्म दलित समुदायले मुक्ति पाउन सक्दैनन् । त्यसकारण कानुन बनाउने ठाउँसम्म दलित समुदायको पहुँच पुऱ्याइनुपर्छ । समानुपातिक प्रतिनिधित्व गराउन राजनीतिक क्षेत्रबाट पहल गरिनुपर्छ ।

**समानुपातिक प्रतिनिधित्व र आरक्षणलाई राजनीतिक दलहरूले हात्तीको देखाउने दाँतको रूपमा प्रयोग गरेका छन् भन्ने आरोप लाग्ने गरेको छ । सत्य के हो ?**

पहिलो कुरा त, समानुपातिक निर्वाचन प्रणालीले गर्दा सबै राजनीतिक दलले संविधानसभामा थोरबहुत रूपमा दलितको प्रतिनिधित्व गराएका छन् । दोस्रो, दलितको मुद्दा राजनीतिक हो । जनगणनालाई आधार मान्ने हो भने पनि यति महत्वपूर्ण जनसंख्या भएको दलित समुदायलाई आजसम्म उपेक्षा गरिएको छ । दलित समुदायलाई भोट ब्याङ्कको रूपमा प्रयोग गरिएको कुरालाई राजनीतिक दलहरूले स्वीकार गर्नैपर्छ । दलितको उत्थानका लागि कुनै पनि राजनीतिक दलले पर्याप्त पहल गरेका छैनन् । सबै दलले इमानदारीसाथ दलितको पक्षमा सोचिदिए भने उनीहरूको मुक्ति असम्भव छैन । यो देशका लाखौं दलित आफ्नो समुदायको मुक्तिका लागि एउटै झन्डा र ब्यानरमुनि बसे भने दलितको मुक्ति टाढा छैन । यो समयको माग पनि हो ।

**दलितहरूलाई एकै ठाउँमा आउन नदिन राजनीतिक दलहरूले सिद्धान्तको अङ्कुशे लगाएका छन् भनिन्छ नि त ?**

दलित समुदायमा अझै पनि चेतनाको अभाव छ । रोग, भोक र शोकले दलित समुदायलाई थिचेको छ । भोट भनेको के हो भन्ने जानकारी धेरै दलित समुदायमा नहोला । यही मौकामा दलितका भोट रक्सीमा किनिएको छ र तिनलाई राजनीतिक अधिकारबाट वञ्चित गरिएको छ । अब राजनीतिक दलले यस्तो गल्ती दोहोऱ्याउनुहुन्न । दलित समुदाय एक हुन लागे भनेर तर्सिने र एकता रोक्न खोज्ने राजनीतिक दलप्रति खेद व्यक्त गनुपर्छ र तिनलाई धिक्कार भन्नुपर्छ । यतिबेला जातीय, वर्गीय र क्षेत्रीय मुक्तिको आवाज उठेको छ । अब आफ्नो मुक्तिका लागि दलितहरू एकजुट हुनुको विकल्प छैन । दलितहरू एकजुट हुन नदिन दलहरूले रोके भने राजनीतिक रूपमा सबैले प्रतिकार गर्नुपर्छ ।

**छुवाछूत सबैभन्दा बढी तराईमा छ । त्यसको अन्त्यका लागि मधेसवादी दलहरू के गरिरहेका छन् ?**

यो समाज हिन्दुवादी छ । इनार खन्ने दलितलाई त्यही इनारको पानी खानबाट वञ्चित गरिएको छ । यो समाज अन्धविश्वासबाट ग्रस्त छ । सामन्तवादी सोच र अवशेषका कारण अझै पनि दलित समुदाय प्रताडित भइरहेका छन् । पहिलो कुरा त, हामीमा भएको सामन्तवादी प्रवृत्तिको अन्त हुनैपर्छ । 'मुखमा रामराम, बगलीमा छुरा' को अन्त्य नभएसम्म राजनीतिक दलहरूको ठूला कुरा नगरे हुन्छ । हाम्रो तर्फबाट दलितहरूले मुक्तिका लागि कुनै कसर बाँकी रहनेछैन ।

**तर मधेसवादी दलहरूले छुवाछूत अन्त्यका लागि चासो देखाएको त पाइदैन नि ?**

समाजमा जातिवाद कायम छ । मधेसवादी दल र तिनका भ्रातृ संगठनबाट दलितहरू प्रताडित भएका छन् र केही मधेशी दलले दलितलाई दबाएका छन् । मधेसवादी दलहरूमा लोकतान्त्रिक पद्धति छैन । उनीहरू लोकतान्त्रिक पद्धतिमा जाने चरणमा छन् । 'जसको लाठी उसको भैंसी' भनेजस्ते वर्षौंदेखि दलित समुदायमाथि अन्याय थोपरिँदो पनि बोलिदिने कमै छन् । यस्तो अवस्थामा मधेसवादी दलहरूले चासो देखाउनैपर्छ, चिन्तित बन्नैपर्छ । हामीले हाम्रोतर्फबाट पहल गरिरहेका छौं । हामी एक्लैले मात्रै केही गर्न सक्दैनौं । त्यसका लागि दलित समुदाय पनि अग्रसर हुनुपर्छ ।

**तपाईंहरू संविधान निर्माणको प्रक्रियामा हुनुहुन्छ । आफ्नो हक, हितको पक्षमा कानुन बन्ला भनेर दलित समुदायले विश्वास गर्ने आधार के छन् ?**

जुन पार्टीको प्रतिनिधित्व गरेर सभासद बनेको भए पनि उहाँहरू आफ्नो समुदायको हक र हितका लागि संघर्षरत हुनुहुन्छ । उहाँहरू इमानदारीसाथ लाग्नुभएको छ । हामीले पनि उहाँहरूले उठाएका सवालमा समर्थन जनाएका छौं । चौतर्फी रूपमा यो समुदायलाई राज्यको मूलधारमा ल्याइनुपर्छ भनेर आवाज उठिरहेको अवस्थामा पनि दलित समुदायको हक र अधिकार प्राप्तिका निम्ति कानुन बनेन भने यो राज्यमै स्थिरता कायम हुँदैन । त्यसकारण हामी पनि यो समुदायको मुक्तिका लागि लागेका छौं । तपाईंहरू ढुक्क भए हुन्छ । तपाईंहरूले खबरदारीचाहिँ गरिरहनुपर्छ । मैले अघि पनि भनें यो समाजमा सामन्तीहरूको बोलवाला छ । यस्तो अवस्थामा हामीले आफ्नो अधिकार सुनिश्चित गर्नका लागि संघर्ष जरुरी छ । तपाईंहरू संघर्ष गर्नुस्, हामी साथ दिन्छौं ।

**अबको संविधान दलित, जनजाति तथा सीमान्तकृत समुदायको पक्षमा बन्नेमा तपाईं ढुक्क हुनुहुन्छ ?**

पुरानो समयमा बनेका विभेदकारी कानुनलाई अबको संविधानले विस्थापित गर्नेछ भन्ने मलाई विश्वास छ । सीमान्तकृत समुदायका लागि नै संविधानसभा चाहिएको हो । सामन्तवादीहरूका लागि त पुराना कानुन नै पर्याप्त थिए । त्यसकारण अब सबै वर्ग र समुदायको पक्षमा कानुन बन्छ । अब शंका गर्न जरुरी छैन । अबको संविधानले सबै जातजाति, वर्ग र समुदायको अधिकार स्थापित गर्छ भन्नेमा म ढुक्क छु ।

■ गोपाल बराइली

# संघर्षको शक्तिबाट सभासद्

आर्थिक संकटले उनको परिवार पिल्सिएको थियो । परिवारका ७ सदस्यको पेट पाल्न बालीघरे प्रथामै निर्भर रहनुपर्ने अवस्था थियो । मोरङको दुलारी गाविस-५ का रत्नबहादुर शिवाले आफ्नो परिवारलाई जेनतेन पालेका थिए । कमाएका 'विष्ट'को घरबाट उठेको करिब ४० मुरी अन्न उनको परिवार पाल्ने मुख्य स्रोत थियो । बाबु रत्नबहादुरले कमाएर परिवार पाल्ने हुनाले छोरी दुर्गा परियारलाई त्यो समस्या थिएन । यस्तै परिवेशमा हुर्केकी उनले यतिखेर संविधान निर्माण गर्ने जिम्मेवारी पाएकी छन् । उनी अहिले संविधानसभामा गएर दलित अधिकार प्राप्तिको आवाज घन्काउँछिन् ।

१२ पुस २०२५ मा रत्नबहादुर र आमा गोमाबाट जन्मिएकी दुर्गालाई नेकपा एमालेले समानुपातिक कोटामा सभासद बनाएको हो । सुनसरीबाट २०४५ सालमा विवाह गरेर उदयपुर पुगेपछि उनले त्यहीँबाट राजनीति सुरु गरेकी थिइन् । उनी अहिले एमालेको जिल्ला सदस्यसमेत छिन् ।

गरिब परिवारमा जन्मिए पनि दुर्गा प्रतिभाकी धनी थिइन् । भलिबलमा उनको राम्रो दखल थियो । उनी सहभागी टिमले धेरै पदक जितेको छ । उनीसँग अहिले पनि खेल जितेका दर्जनौं प्रमाणपत्र सुरक्षित छन् । कुनै बेला दुर्गा कवर्डी खेलको कोसी अञ्चल क्याप्टेन समेत थिइन् । विराटनगरमा ०४४ सालमा भएको कवर्डी खेलमा च्याम्पनियनसिप जित्दा औधि खुसी लागेको दुर्गाको अनुभव छ । खेल क्षेत्रसँगै जनसांस्कृतिक मञ्चको विभिन्न कार्यक्रममा गाउँदै हिँडेकी दुर्गाले ०४५ मा विवाह गरेपछि भने खेलकुद र गायनलाई निरन्तरता दिन सकिनन् । विवाहपछिको उनको सक्रियता राजनीतिमा केन्द्रित भएको देखिन्छ ।

तथापि घरजम गरेपछि उनी त्यसै बसिनन् । ०५२ सालमा घरेलु तथा साना उद्योग विकास समितिबाट सिलाइ-कटाइ तालिम लिएपछि उनी दक्ष प्रशिक्षकसमेत बनिन् र उदयपुरमा सिलाइ-कटाइ तालिम केन्द्र खोलिन् । उनले खोलेको तालिम केन्द्रमा सिकेकामध्ये धेरै दलितले सिलाइ-कटाइबाट जीविकोपार्जन गर्दै आएका छन् । उनी भन्छिन्, 'म जिल्लाको सफल उद्यमीमध्ये थिएँ ।' मोरङमै हुँदा पनि दुर्गा सामाजिक सेवामा समर्पित थिइन् । विवाह बन्धनमा बाँधिएपछि पारिवारिक सहयोग राम्रो पाएकाले सामाजिक काममा लागिरहन हौसला मिलेको उनको ठम्याइ छ । उनका पति विष्णु परियार चाहिँ स्वास्थ्यकर्मी हुन् ।



**आश्वासनमा नबहकिने, अन्यायको विरोध गर्ने, दलित समुदायमा भिज्ने अनि यथार्थको पछि लाग्ने सभासद दुर्गा परियारका गुण हुन् । यस्तै गुणका कारण उनलाई सफलताको सिँढी उक्लिन सघाएको देखिन्छ ।**

बाल्यकालमा जनसांस्कृतिक मञ्चमार्फत गीतसंगीतमा लागेकाले होला *दलित निगरानी* सँगको कुराकानीका क्रममा उनले गीतसंगीतका प्रसंग दोहोर्‍याई रहिन् । उनको कथन थियो - 'चेतनास्तर उकास्ने खालका गीत गुनगुनाउँछु । मलाई आधुनिक गीत पनि मनपर्छ ।' एमालले दुर्गालाई जिल्ला सांस्कृतिक फाँट हेर्ने जिम्मा दिएको छ । उनले नृत्य प्रतियोगिताहरूमा धेरै पुरस्कार जितेको बताउन भुलिनन् । आश्वासनमा नबहकिने, राजनीतिमा दृढ, अन्यायको विरोध गर्ने, दलित समुदायमा भिज्ने, यथार्थको पछि लाग्ने दुर्गाका मौलिक विशेषता हुन् ।

संविधान निर्माण गरेर जनतालाई अधिकारसम्पन्न बनाउने क्रममा सक्रिय रहेकै बेला उनले औपचारिक अध्ययनसमेत थालेकी छन् । उदयपुरको रामपुर उमाविबाट उनले कक्षा ११ को परीक्षा दिइसकेकी छन् ।

सभासद भएपछि दुर्गाको काँधमा गहन अभिभारा थपिएको छ । उनी विधान निर्माणको थलोमा पुगे पनि उनी जस्तै ४० लाख दलित राज्यको मूलधारभन्दा बाहिर छन् । तिनको अधिकार नयाँ संविधानमा सुनिश्चित गराउनु दुर्गाको प्रमुख दायित्व हो । अबको संविधानमा छुवाछूतलाई निषेध गराउन र दलितलाई राज्यका हरेक निकायमा समानुपातिक प्रतिनिधित्व गराउनका लागि दुर्गाले संविधानसभामा र उनलाई सभासद बनाउने पार्टीभित्र पनि संघर्ष गर्नुछ । संविधानसभाको एक वर्षे अनुभवमा दुर्गालाई दलित अधिकारका लागि पर्याप्त दबाब सिर्जना गर्न नसकेको अनुभूति भएको छ । अरु दलका मात्र होइन उनकै दल एमालेका दलका सभासदले संविधानसभामा दलित अधिकारका पक्षमा सशक्त भूमिका खेल्न नसकेको उनको अनुभव छ । अबको संविधानमा जातीय विभेद उन्मूलन र दलितको उत्थानमा महत्वपूर्ण सवाल समावेश गर्न सके दलित समुदायको पीडा कम हुने दुर्गाको आशा छ ।

*प्रस्तुति :* **गोपाल बराइली**